CITY HOTEL

मिति २०८३।०४।२९

चलानी नं ००४।०८३।०८४
श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
यूएनआई शान्तिमार्ग, भद्रकाली,
काठमाडौं, नेपाल ।

**विषय :आर्थिक वर्ष २०८२ ।०८३ को चौथौ त्रैमासिक प्रतिवेदन उपलब्ध गराईएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस सिटि होटल लिमिटेडले धित्रोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३,को नियम २६ को उपनियम १ संग सम्बन्धीत अनुसुचि १४ बमोजिमको आर्थिक वर्ष २०८२।०८३ को चौथो अवधिको विवरण यसै पत्र साथ तयार गरी तहाँ कार्यालयमा पेश गर्दछौ । साथै सो विवरण राष्टिय स्तरको दैनिक पत्रिका नागरिक दैनिकमा मिति २०८३।०४।३० गतेमा प्रकाशन गरेको व्यवहोरा जानकारीको सादर अनुरोध गर्दछौ ।

**संलग्न कागजातहरु :**

१. आर्थिक वर्ष २०८२। ०८३ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन ......१ थान

**बोधार्थ**

(१) श्री नेपाल धितोपत्र बोर्ड
खुमाल्टार, ललितपुर, नेपाल ।
(२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
शेयरमार्केट कमर्सियल कम्लेक्स,
पुतलीसडक,काठमाडौं ।

भवदिय,

CITY HOTEL LTD. KATHMANDU

.....................
सुन्दर बहादुर सेनी
कम्पनी सचिव
सिटि होटल लिमिटेड

CITY HOTEL LIMITED
Chinnalata Chowk, Soalteemode, Kathmandu Metropolitan City-13, Nepal
T: +977-1-5671200/5912813 . W: www.cityhotel.com.np . E: info@cityhotel.com.np

# सिटि होटल लिमिटेड

CITY HOTEL
छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१/५९१२८१२ फ्याक्स नं. ५३८७०४१,
इमेल: info@cityhotel.com.np वेभसाइट: www.cityhotel.com.np

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूचि – १४
## आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

सिटि होटल लिमिटेडको २०८३ अषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

**१. वित्तीय विवरणः**

**क) आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा–नोक्सान सम्बन्धी विवरणः**

- आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत कम्पनीको २०८३ अषाढ ३२ सम्ममा समाप्त (२०८३ बैशाख १ देखि २०८३ अषाढ ३२ सम्म) चौथो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएको छ।
- चौथो त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार र यस प्रतिवेदनमा उल्लेखित बाहेक अरु कुनै कारोबार नभएको।

ख) आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तीय अनुपातहरुः

| विवरण | चौथो त्रैमासिक अवधि (२०८३ आषाढ मसान्तसम्म) (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि (२०८२ चैत्र मसान्त सम्म) (लेखापरिक्षण नभएको) | चौथो त्रैमासिक अवधि (२०८२ आषाढ मसान्तसम्म) (लेखापरिक्षण भएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु** | | | |
| ऋण पूँजीको अनुपात | ०.४६ | ०.४६ | ०.७२ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | (०.०६) | (०.०५) | (०.१२) |
| प्रति शेयर आम्दानी (रु.) | (५.७४) | (४.६०) | (११.८५) |
| प्रति शेयर नेटवर्थ (रु.) | ९६.१३ | ९७.२८ | ७९.३३ |
| प्रति शेयर कूल सम्पत्तिको मूल्य (रु.) | १८६.२३ | १८७.१३ | ३३२.१५ |
| प्रति शेयर बजार मूल्य (रु.) | ३४१.१० | ४७३.४० | ८७३.६५ |
| प्राइज अर्निङ्ग रेसियो | (५९.३८) | (१०२.८१) | (७३.७१) |
| चालु अनुपात | २.२६ | २.३६ | ०.३३ |

**२. व्यवस्थापकीय विश्लेषणः**

क) यस सिटि होटल बाट हायात सेन्ट्रिक ब्राण्ड अन्तर्गत संचालनमा आएको छ र यो नेपालको पहिलो हायात सेन्ट्रिक ब्राण्डको होटल भएको छ। यस होटलले आफूले प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ। हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टिको बारेमा प्रसंशा गर्ने गर्छन्। हायातको Full–Service/Classics ब्राण्ड अन्तर्गत पर्ने यस हायात सेन्ट्रिक होटलले आफ्नो सेवा सुविधाको स्टाण्डर्ड अपग्रेड गरिराखेको छ।

ख) अन्तर्राष्ट्रिय स्तरमा भएको द्वन्द्वले प्रत्यक्ष रूपमा आर्थिक क्षेत्र, लगानी तथा पर्यटन व्यवसायमा झन् बढी असर परेको छ। जसका कारण होटलका धेरै कोठाहरूको बुकिङ रद्द भएका छन्। साथै, वस्तु तथा सेवाको मूल्यमा वृद्धि भई समग्र बजार प्रणाली प्रभावित बनेको छ।

ग) इन्धनको मूल्यमा वृद्धि भई हवाई भाडामा उल्लेखनिय वृद्धि भएको छ। जसका कारण अन्तर्राष्ट्रिय पर्यटकहरुको नेपाल आगमनमा कमि देखिएको छ।

घ) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगारी सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्धारा संस्थापित एंव संचालित यस सिटि होटल लिमिटेड (हायात सेन्ट्रिक) ले आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

क) हालसम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दाएर भएको जानकारी प्राप्त भएको छैन।

ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

ख) सिटि होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को अषाढ मसान्तमा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः

| चौथो त्रैमासिक आ.व.२०८२/०८३ | शेयरको कारोबार (मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक (२०८३ आषाढ मसान्त) | ५२३/२० | ३२७/८० | ३४१/१० | ६४ | ३६,९९१ | ८९,३६,३३४ |

**५. समस्या र चुनौतीः**

(क) आन्तरिकः

- यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

(ख) बाह्यः

- देशमा भएको आमनिर्वाचन तथा मध्यपूर्वमा उत्पन्न द्वन्द्वका कारण होटल व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर परेको छ।
- धेरै देशहरूले जारी गरेका निरन्तर यात्रा चेतावनीका कारण नेपालमा आउने पर्यटकको संख्यामा नकारात्मक असर परेको छ।
- बढ्दो आयात लागत र आपूर्ति सृखलामा देखिएको अनिश्चितताले सञ्चालन कार्यक्षमतामा निरन्तर असर पुऱ्याइरहेको छ।
- हाल होटल क्षेत्रमा तालिम प्राप्त जनशक्तिको अभाव रहने क्रममा रहेका छ र होटल व्यवसायीमा प्रतिशप्रर्धा दिन प्रतिदिन वृद्धि भइरहेको छ।
- हाल अन्य धेरै ब्राण्डेड होटलहरू बजारमा खोलिने क्रममा रहेका छन।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तारका संगै अन्य अन्तराष्ट्रिय एरपोर्टबाट नियमित उडान हुन नसकेको अबस्था छ यस कारण पर्यटक आगमन प्रभावित हुने भएकाले यस होटललाई समेत असर पर्ने।

(ग) रणनीति

- स्थानीय बजारमा लक्षित पहुँच तथा सम्बन्धमा आधारित संलग्नता मार्फत नयाँ ग्राहकहरू आकर्षित गर्ने र विद्यमान ग्राहकहरूलाई कायम राख्ने प्रयासलाई सुदृढ गर्ने।
- होटललाई ट्राभल एक्सपो, वर्कसप तथा ग्लोबल टुरिष्ट इभेन्टहरुको प्रमुख भेन्युको रुपमा प्रस्तुत गर्ने।
- होटल टु होटल इन्सेन्टिभ कार्यक्रमबाट लाभ लिने।
- विभिन्न सरोकारवाला ग्राहकहरु, दुतावासहरुसँग दिर्घकालिन रेटमा सम्झौता गर्ने।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने, समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने।
- नेपालमा भविष्यमा आयोजना हुने भनिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलका महासंघ तथा कल्बहरुसंग सहकार्य गर्ने।
- विभिन्न विदेशी देशहरूसँगको भौगोलिक निकटता, बलियो आर्थिक सम्बन्ध तथा सांस्कृतिक सामीप्यलाई उपयोग गर्दै समूहगत यात्राको संख्या वृद्धि गर्नेमा विशेष ध्यान केन्द्रित गर्ने।

**६. संस्थागत सुशासनः**

***संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :***

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ।

ख) कम्पनीको लेखापरिक्षण समितिले आन्तरिक लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन्। कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन्।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन।

## PROVISIONAL FINANCIAL STATEMENT

### As on July 16, 2026 (Ashad End 2083) Fourth Quarter ( Fiscal Year 2082-83)

| Particulars | As on July 16, 2026 UNAUDITED | As on April 13, 2026 UNAUDITED | As on July 16, 2025 AUDITED |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipments | 4,835,334,396.64 | 4,851,104,509.98 | 4,923,899,816.56 |
| Intangible Assets | 25,697,425.52 | 26,876,458.91 | 30,275,587.07 |
| Investment Property | 188,526,263.90 | 189,660,829.42 | 192,931,757.66 |
| Deferred Tax Assets | 83,508,419.24 | 77,418,534.98 | 65,514,509.35 |
| Other Assets | 23,165,277.82 | 34,010,387.94 | 27,805,804.83 |
| **Total Non Current Assets** | **5,156,231,783.12** | **5,179,070,721.22** | **5,240,427,475.47** |
| **Current Assets** | | | |
| Inventories | 8,882,246.95 | 8,497,696.19 | 11,468,680.65 |
| Cash and Cash Equivalents | 50,201,140.71 | 43,879,456.86 | 15,850,587.06 |
| Trade Receivables | 118,381,507.88 | 112,349,270.72 | 95,275,470.61 |
| Investment in Shares | 145,404,930.00 | 140,322,649.21 | - |
| Prepayments | 5,653,621.64 | 8,836,499.24 | 5,555,501.64 |
| Other Assets | 126,788,668.17 | 145,789,197.34 | 174,946,648.03 |
| **Total Current Assets** | **455,312,115.35** | **459,674,769.56** | **303,096,887.99** |
| **Total Assets** | **5,611,543,898.47** | **5,638,745,490.78** | **5,543,524,363.46** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 3,013,200,000.00 | 3,013,200,000.00 | 1,674,000,000.00 |
| Other Equity | (116,631,613.58) | (81,982,910.35) | (345,938,859.18) |
| **Total Equity** | **2,896,568,386.42** | **2,931,217,089.65** | **1,328,061,140.82** |
| **Non Current Liabilities** | | | |
| Long Term Borrowings | 2,461,336,066.83 | 2,457,833,392.04 | 3,240,753,299.67 |
| Lease Liabilities | 31,765,693.37 | 34,748,428.75 | 39,116,941.13 |
| Other Liabilities | 20,162,436.03 | 20,165,201.98 | 21,577,613.90 |
| **Total Non Current Liabilities** | **2,513,264,196.23** | **2,512,747,022.77** | **3,301,447,854.70** |
| **Current Liabilities:** | | | |
| **Financial:** | | | |
| Trade Payables | 135,709,327.56 | 112,143,924.92 | 99,552,313.81 |
| Short Term Borrowings | 54,677,760.73 | 50,445,017.38 | 114,577,411.81 |
| Lease Liabilities | 5,435,925.16 | 5,435,925.16 | 4,794,651.18 |
| Other Liabilities | 5,888,302.37 | 26,756,510.90 | 695,090,991.14 |
| **Total Current Liabilities** | **201,711,315.82** | **194,781,378.36** | **914,015,367.94** |
| **Total Equity and Liabilities** | **5,611,543,898.47** | **5,638,745,490.78** | **5,543,524,363.46** |

### PROVISIONAL STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 16 July, 2026

| Particulars | For Period Ended July 16, 2026 Ashad End 2083 UNAUDITED | For Period Ended April 13, 2026 Chaitra End 2082 UNAUDITED | For Period Ended July 16, 2025 Ashad End 2082 AUDITED |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Operations | 506,034,524.94 | 356,799,535.65 | 486,848,432.63 |
| Miscellaneous Income | 25,346,668.19 | 19,224,447.39 | 35,465,603.92 |
| **Total Revenue** | **531,381,193.13** | **376,023,983.04** | **522,314,036.55** |
| **Expenditure:** | | | |
| Cost of Goods Sold | 163,173,189.01 | 119,026,529.04 | 158,538,631.18 |
| Employee Cost | 103,031,123.26 | 72,921,103.70 | 94,597,418.74 |
| Brand Operator Fees | 19,430,737.51 | 12,661,778.84 | 18,465,461.79 |
| Administrative & Operating Expenses | 125,007,546.45 | 88,844,137.74 | 99,242,935.62 |
| **Total Expenditure** | **410,642,596.23** | **293,453,549.32** | **370,844,447.33** |
| **Profit Before Interest , Depreciation & Tax** | **120,738,596.90** | **82,570,433.72** | **151,469,589.22** |
| Finance Cost | 185,859,930.73 | 143,068,271.55 | 264,393,366.12 |
| Depreciation & Amortization Expenses | 139,066,208.14 | 103,255,845.84 | 135,471,668.21 |
| **Profit/Loss Before Tax** | **(204,187,541.97)** | **(163,753,683.67)** | **(248,395,445.11)** |
| **Less:** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax | (31,096,811.76) | (25,006,927.49) | (49,972,770.58) |
| **Net Profit/Loss After Tax** | **(173,090,730.21)** | **(138,746,756.18)** | **(198,422,674.53)** |

***Notes:***
*The above Financial Statement is presented in accordance with Nepal Financial Reporting Standard (NFRS). The financial statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.*

मिति २०८३ श्रावण २९ गते नागरिक दैनिकमा प्रकाशित